# कटारी नगरपालिका
## Katari Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive

कटारी , उदयपुर
Katari, Udayapur
स्था : २०७१

Phone No: 035-450039, 035-450296Email:info@katarimun.gov.np
website: www.katarimun.gov.np

कोशी प्रदेश , नेपाल
Koshi Province, Nepal
EST. 2071


पत्र सख्या (Ref.No) :- २०८१/२०८२
चलानी न :(Dispatch No.) :-

मिति २०८२/०३/१३

**निजी तथा साझेदारी फर्म नवीकरण, खारेजी र अभिलेखीकरणमा छुट दिने बारेको सूचना ।**

घरेलु तथा साना उद्योग कार्यालय, कोशी प्रदेश, उदयपुरको च.न.११३९ मिति २०८२/०३/१२ गतेको सूचना प्रवाहमा आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिदिने बारेको पत्र बमोजिम प्रचलित कानून बमोजिम दर्ता भई खारेजीमा नपरेका, कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ मा भएको व्यवस्था बमोजिम ३ वर्ष भन्दा बढी नवीकरणको म्याद नाघेका र संघीय कानून बमोजिम दर्ता भई प्रचलित प्रदेश कानून बमोजिम तोकिएको समयमा अभिलेखीकरण गर्न छुट भएका फर्महरुले नवीकरण, खारेजी तथा अभिलेखीकरण लागी २०८२ साल असार मसान्तभित्र बुझाउन आएमा कोशी प्रदेशको आर्थिक ऐन २०८१ को दफा (१४) बमोजिम छुटको लाभ लिनहुन आम नगरवासीहरुमा यो सूचना मार्फत सूचित गरिन्छ । साथै विस्तृत जानकारीको लागि कोशी प्रदेशको आर्थिक ऐन २०८१ को दफा (१४) पाना थान-१ यसै साथ संलग्न गरिएको छ ।

..............................
राजन थापा
प्रमुख प्रशासकीय अधिकृत



"सुन्दर कटारी नगरको पहिचान : सुशासन र समृद्ध हाम्रो अभियान"

त्रैमासिक भित्रमा उद्योग रहेको जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयमा दाखिला गर्नुपर्ने छ ।

(६) उपदफा (५) बमोजिम सङ्कलित रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने छ ।

१४. <u>फर्म नवीकरण र खारेजीका लागि विशेष व्यवस्था</u> : (१) प्रचलित कानून बमोजिम दर्ता भई खारेजीमा नपरेका र कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ मा भएको व्यवस्था बमोजिम ३ वर्षभन्दा बढी नवीकरणको म्याद नाघेका निजी तथा साझेदारी फर्महरूले नवीकरण वा खारेजीका लागि २०८२ साल असार मसान्तभित्र निवेदन दिएमा ३ वर्षको एक नवीकरण अवधि मानी कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ को अनुसूची-१ बमोजिम प्रत्येक नवीकरण अवधिको लागि लाग्ने नवीकरण दस्तुरमा ९५ प्रतिशत छुट दिई फर्म नवीकरण वा खारेज गरिनेछ।

(२) सङ्घीय कानून बमोजिम दर्ता भई प्रचलित प्रदेश कानून बमोजिम तोकिएको समयमा अभिलेखीकरण गर्न छुट भएका प्राइभेट तथा साझेदारी फर्महरूले अभिलेखीकरणका लागि २०८२ साल असार मसान्तसम्म निवेदन दिएमा रु. १००।- दस्तुर लिई अभिलेखीकरण गरिनेछ ।

१५. <u>अन्तर निकाय समन्वय गर्न सकिने</u> : यस ऐन बमोजिम लगाइने र असुल गरिने कर, शुल्क, दस्तुर दण्ड जरिबाना बापतको रकम दाखिला गरेपछि मात्र कर चुक्ता प्रमाणपत्र जारी गर्न वा उद्योग तथा व्यवसाय नवीकरण गर्ने व्यवस्थाका लागि प्रदेश सरकार